तात्सुरो फुजिकुरा। सन् २०१३। *डिस्कोर्सेस अफ अवेरनेस : डेभलपमेन्ट, सोसल मुभमेन्ट्स एण्ड दि प्राक्टिसेज अफ फ्रिडम इन नेपाल*। काठमाडौँ : मार्टिन चौतारी।

विकास लामो समयदेखि मानवशास्त्रीय चासोको विषय रहँदै आएको छ।[६] मानवशास्त्रीहरूले विकाससँग सम्बन्धित बृहत् विषयलाई समेट्दै विकासको औचित्य र अविकसित भनिएको विश्वमा बसोबास गर्ने मानिसका वास्तविक जीवनमा विकासले पार्ने प्रभावहरूको लेखाजोखा गरेका छन्। मानवशास्त्रीय अध्ययनको एउटा ठूलो हिस्सा मानिसका आवश्यकता र अपेक्षाहरूको सम्बोधनमा विकासे कार्यक्रमको प्रभावकारितामाथि केन्द्रित छ। अर्को ठूलो हिस्साले भने विकासलाई मूलभूतरूपमा एउटा शोषणकारी प्रक्रियाका रूपमा चित्रण गर्छ – एउटा यस्तो प्रक्रिया जसले अविकास र असमान शक्तिसम्बन्धलाई पुनर्उत्पादन गर्छ।

चेतना, सामाजिक आन्दोलन र स्वतन्त्रताका अभ्यासहरूलाई केन्द्रमा राख्दै नेपालका सन्दर्भमा पाँच दशक लामो विकास प्रक्रियाको अध्ययन गर्ने तात्सुरो फुजिकुराले यस अनुसन्धानमा एउटा नयाँ आयाम थपेका छन्। आफ्नो पुस्तक *डिस्कोर्सेस अफ अवेरनेस : डेभलपमेन्ट, सोसल मुभमेन्ट्स एण्ड दि प्राक्टिसेज अफ फ्रिडम इन नेपाल*मा फुजिकुराले उनकै शब्दमा "सिकाइका अभ्यास र आत्मानुशासनको सुन्दर विश्लेषण गर्दै तीव्र गतिमा

[६] यो पुस्तक समीक्षा *स्टडीज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* जर्नलको वर्ष २० अंक २ (सन् २०१५, पृ. ४२३–४२७) मा अंग्रेजी भाषामा प्रकाशन भएको थियो। यो लेखकको आफ्नै अनुवाद हो।

परिवर्तन भइरहने सामाजिक-राजनीतिक सन्दर्भमा सामाजिक आन्दोलनले लोकतन्त्रका नयाँ दृष्टि र अभ्यासहरूलाई कसरी मुखरित गर्छन् भन्ने विषयलाई परीक्षण गरेका छन् ।

विकासका सन्दर्भमा केही प्रचलित मानवशास्त्रीय सैद्धान्तिक धारहरूलाई केलाउँदै फुजिकुराले प्रारम्भिक परिच्छेदमा आफ्नो अनुसन्धानको विषयलाई प्रस्ट पारेका छन् । यस चरणमा फुजिकुराले विकासलाई "विनिर्माण गर्नका लागि दृष्टि र अभ्यासहरूलाई खोतल्न" आर्तुरो एस्कोवारले गरेको आह्वानको रोचक आलोचना गरेका छन् । फुजिकुराको विचारमा विकासका समकालीन संकथन (डिस्कोर्स) हरू विविधता र अन्तर्विरोधबाट यति बढी भरिएका छन् कि यसले गर्दा विकास प्रक्रियामा स्थानीय प्रतिरोध वा विकासको संकथनलाई नै उल्टाउने प्रयत्नको मानवशास्त्रीय खोजी केवल सैद्धान्तिक रमाइलो मात्र बन्न पुगेको छ । यस सन्दर्भको चर्चाका लागि फुजिकुराले पार्थ चटर्जीले केलाएको नागरिक आन्दोलन (सिभिल मुभमेन्ट) र सामाजिक आन्दोलन (सोसल मुभमेन्ट) बीचको भिन्नता र अर्जुन अप्पादुराइले प्रयोग गरेको गठबन्धन (एलायन्स) को अवधारणालाई परीक्षण गरेका छन् । जसबाट नेपालको सामाजिक आन्दोलनमा गठबन्धन र सहकार्यका कठिनाइ र विविध सम्भावनाबारे उनले चर्चा गरेका छन् । यही परिच्छेदमा फुजिकुराले नेपालको विकास प्रक्रियाको इतिहास र अविकासलाई व्याख्या गर्ने सम्बन्धमा प्रचलित केही धारणाको पनि चर्चा गरेका छन् ।

सचेतनाका संकथन (डिस्कोर्सेस अफ अवेरनेस) नाम दिइएको दोस्रो परिच्छेदमा फुजिकुराले नेपालका सन्दर्भमा चेतनाका स्रोत, वर्तमान अवस्था र तिनीहरूको औचित्यको चर्चा गरेका छन् । यस सन्दर्भमा उनले विकासलाई आदर्श वा चाहनायोग्य अवस्थाका रूपमा व्याख्या गर्ने देवेन्द्रराज पाण्डे र यसलाई समकालीन नेपालका अनेकन बेथितिको स्रोतका रूपमा व्याख्या गर्ने नन्द श्रेष्ठका पृथक विचारधाराको चर्चा गरेका छन् । पाण्डे र श्रेष्ठको लेखाइमा मुखरित राष्ट्रको अवधारणा तथा "आफ्नो देशका लागि केही गर्नुपर्ने" सोचको चर्चा गर्दै फुजिकुराले चेतनाका विषयमा मानिसको बुझाइमा पृथकता तथा बहुलता हुने भएकाले विकासको पनि एकपक्षीय वा सर्वमान्य व्याख्या उपयोगी नहुने विचार व्यक्त गरेका छन् ।

यो परिच्छेदमा फुजिकुराले विकास र आधुनिकताका विषयमा चासो राख्ने मानवशास्त्रीहरूद्वारा अघि सारिएका दुई विचारधारामाथि टिप्पणी गरेका छन् । मानवशास्त्री जेम्स फर्गुसनले विकासलाई केन्द्रीय "अराजनीतीकरण" को माध्यम भनी गरेको टिप्पणीको आलोचना गर्दै फुजिकुराले राज्य तथा अन्य औपचारिक संस्थाको शक्तिको विस्तारका रूपमा मात्र विकासलाई व्याख्या गर्न नमिल्ने तर्क अघि सारेका छन् । फुजिकुरा भन्छन् – विकासलाई राज्य तथा अन्य औपचारिक संस्थाका सन्दर्भमा मात्र व्याख्या गर्ने प्रवृत्तिले विकासलाई मानिसले वास्तविक जीवनमा प्राप्त गरेका अनुभवहरूबाट अलग पार्छ र यसलाई रहस्यमयी प्रक्रियाका रूपमा चित्रित गर्छ । त्यसै गरी, मानवशास्त्री स्टेसी पिगले

मानवशास्त्रीय चिन्तनलाई विकासको दायरा (प्याराडाइम) बाट सम्पूर्णरूपमा बाहिर ल्याउन गरेको आह्वानलाई पनि फुजिकुरा आलोचना गर्छन् र भन्छन् विकास भनेको मानिस वा स्थानहरूको श्रेणीगत असमान वितरण मात्र होइन । फुजिकुराको विचारमा विकासको अभ्यास र तिनबाट सिर्जना हुने अनुभव विभिन्न स्थानमा भिन्नभिन्न स्वरूपका हुनसक्छन् । मानिसहरू विकासको चिन्तनले बनाएका विश्व मानचित्रका प्रजा (सब्जेक्ट्स) मात्र होइनन् । आफ्नो यो तर्कलाई व्याख्या गर्ने क्रममा फुजिकुराले महिला साक्षरता कक्षाकी सहभागी स्थानीय महिला कमला पुनका भनाइ प्रस्तुत गरेका छन् जसमा उनले आफूलाई आफैबाट पृथक बनाउन गरेको प्रयासको बेलिविस्तार लगाएकी छन् । फुजिकुराले यस सन्दर्भमा शक्तिसम्बन्धलाई विकासबाट अलग पार्न नहुने तर्क प्रस्तुत गर्दै विकास प्रक्रियाको इतिहासमा आबद्ध विभिन्न प्रकारका अपेक्षा र चाहनाहरूलाई पनि बुझ्नुपर्ने धारणा अघि सारेका छन् ।

तेस्रो परिच्छेदमा फुजिकुराले समुदाय विकास कार्यक्रम (कम्युनिटी डेभलपमेन्ट प्रोग्राम) अन्तर्गत नेपालमा भएको विकास प्रक्रियाको विस्तृत विश्लेषण गरेका छन् । यस क्रममा उनले नेपालीहरूमाझ “अपेक्षाहरूको अभिवृद्धि गर्ने” तथा “अझ राम्रो जीवनको सम्भावनाका बारेमा सचेतना बढाउने” अवधारणाका आधारमा निर्माण गरिएको गाउँ विकास परियोजना (भिलेज डेभलपमेन्ट प्रोजेक्ट) का नामले चिनिने बृहत् समुदाय विकास कार्यक्रमको एउटा रमाइलो दृष्टान्त प्रस्तुत गरेका छन् (पृ. ९१) । यस सन्दर्भमा लेखकले पल रोज, युजिन मिहाली र कुर्ट लेविनले प्रस्तुत गरेको समुदाय विकासको अवधारणाभित्र मानिस, उनीहरूको संस्कृति र परम्पराको स्थानको चर्चा गरेका छन् । लोकतान्त्रिक समाजको अवधारणाको चर्चा गर्दै फुजिकुराले भनेका छन् – स्वतन्त्रताको अवधारणामा मात्र केन्द्रित लोकतन्त्रको परिभाषाले लोकतान्त्रिक समाजको मर्मलाई समेट्न सक्दैन । सन् १९९० सम्म निरंकुश शासन व्यवस्थाले विकासका सम्भावनाबाट नेपाललाई वञ्चित गरेको देवेन्द्रराज पाण्डेको तर्कमा असहमति राख्दै फुजिकुरा भन्छन्, “समुदाय विकास कार्यक्रमका दौरान भएका समूह निर्माण र अन्तर्सम्बन्धको विस्तारले निरंकुश व्यवस्थाको अवधिमा पनि लोकतान्त्रिक सामाजिक परिवर्तनका आधारहरू निर्माण गरेका थिए ।”

फुजिकुराले समुदाय विकास कार्यक्रमको अर्को चरणको चर्चा गरेका छन् जसले जनतालाई सशक्तीकरण गर्ने उद्देश्य बोकेको भनिएको निजी, गैरसरकारी तथा अनौपचारिक क्षेत्रसँगको राज्यकेन्द्रित माथिबाट तल नियन्त्रण गर्ने पद्धतिलाई विस्थापित गरिदियो । यसरी, राष्ट्रिय विकासको परियोजनामा ग्रामीण जनसंख्याको हित सुनिश्चित गर्ने शुरूआती अवधारणा सन् १९८० को दशकमा आइपुग्दा सहभागिता, सशक्तीकरण तथा समुदायमा आधारित प्रयासमा जोड दिने अवधारणाबाट विस्थापित भइसकेको थियो । यो सन्दर्भलाई थप प्रस्ट पार्न फुजिकुराले जापानी गैरसरकारी संस्था शाप्ला-नीरले नेपाली गैरसरकारी संस्थासँगको सहकार्यमा सञ्चालन गरेको समुदाय सशक्तीकरण कार्यक्रमको चर्चा गरेका

छन् । शाप्ला-नीरले आत्मनिर्भर समूहको सिर्जना गर्ने उद्देश्यसहित सामूहिक वचतका प्रयासहरूलाई सहयोग प्रदान गरेको थियो । यसका अतिरिक्त कार्यक्रमले अध्ययन-भ्रमण, तालिम, कार्यशाला गोष्ठी, साक्षरता कक्षा आदि विभिन्न गतिविधिको आयोजना गरेको थियो । वचत तथा ऋणसँग सम्बन्धित समुदाय विकासका परियोजनाले "स्रोत-साधनको सचेत उपयोग गर्ने व्यक्ति" को नव-उदारवादी आदर्शलाई बल पुऱ्याउँछन् भन्ने मान्यताको आलोचना गर्दै फुजिकुरा भन्छन्, "समुदाय विकासका कार्यक्रमका विविध विशेषता हुन्छन् र सम्बन्धित समुदायमा तिनका प्रभावहरू बृहत् तथा बहुआयामिक हुने गर्छन् ।" यही परिच्छेदमा फुजिकुराले शाप्ला-नीरले पूर्व कमैयाहरूको कनारा समितिलाई सहयोग गर्न अस्वीकार गरेको रमाइलो दृष्टान्तलाई लिएर विकासका सन्दर्भमा अधिकारमा आधारित दृष्टिकोणको चर्चा गरेका छन् ।

पाँचौँ परिच्छेदमा फुजिकुराले विकास कार्यक्रमका योजनाकार र तिनीहरूका लक्षित समुदायबीचको विरोधाभासको विश्लेषण गरेका छन् । फुजिकुरा सन्दर्भहरूको बहुलताको चर्चा गर्छन् जसअनुसार आधुनिकता र विकासका अर्थ फरक हुने गर्छन् । उनका अनुसार सन्दर्भपिच्छे विकास कार्यक्रमका योजनाकार र लक्षित समुदायबीचको भिन्नता पनि अस्पष्ट हुने गर्छ । परिवार नियोजन तथा पुरुषहरूमा गरिने भ्यासेक्टोमी शल्यक्रियासम्बन्धी नीति तथा कार्यक्रमप्रतिको आम दृष्टिकोणको चर्चा गर्दै फुजिकुराले मानिसहरूले आफ्नो क्रियाशिलता (एजेन्सी) लाई स्थानीय तथा भूमण्डलीय समुदायसँगको सम्बन्धमा कसरी प्रस्तुत गरिरहेका हुन्छन् भन्ने देखाउन खोजेका छन् । फुजिकुराले परिवार नियोजनका शक्तिशाली संकथनको सामनाका लागि प्रतिरोध निर्माण गर्न पृथक वर्णन (न्यारेटिभ) हरूको पनि चर्चा गरेका छन् । तलाल असदका तर्कलाई पछयाउँदै फुजिकुरा भन्छन्, "आधुनिकता केवल मानिसलाई नियन्त्रण गर्ने माध्यममात्र होइन, यसले विभिन्न नयाँ प्रकारका 'खेल' हरू पनि प्रस्तुत गरेको छ जसले पात्रहरूलाई आफ्नो चाल चल्न लगाउँछन् ।"

छैटौँ परिच्छेदमा फुजिकुराले राष्ट्रिय विकासको विशेष परियोजनाका रूपमा माओवादी "जनयुद्ध" को आरम्भ र विस्तारको मसिनो विवरण प्रस्तुत गरेका छन् । उनले माओवादी जनपरिचालनलाई आधुनिकताको पृथक शृंखलाका रूपमा व्याख्या गरेका छन्, जसको उत्पत्ति विकास कार्यक्रमहरूबाट भयो । विकासको अभाव वा असफलताका कारणले माओवादी विद्रोहको जन्म भयो भन्ने प्रचलित अवधारणाको आलोचना गर्दै फुजिकुराले भनेका छन्, "यो विद्रोहलाई मानिसहरूको "राष्ट्रिय विकास" को अभियानमा आबद्ध हुने चाहनाका रूपमा बुझिनु पर्छ न कि व्यक्तिहरूको आफ्ना लागि रोजगारी सुनिश्चित गर्ने चाहनाका आधारमा ।" राष्ट्र विकासको अवधारणाका विषयमा आफ्ना तर्कहरूलाई व्याख्या गर्ने क्रममा उनले प्रत्यूष वन्तको अनुसन्धानलाई दृष्टान्तका रूपमा प्रस्तुत गरेका

छन् जसमा वन्तले विद्यालयका पाठ्यपुस्तकमा समावेश देशका लागि लड्न तयार बहादुर नेपालीको चित्रणभित्र समाहित अर्थको चर्चा गरेका छन् ।

आफ्नो अन्तिम परिच्छेदमा फुजिकुराले कमैया मुक्ति आन्दोलनको चर्चा गरेका छन् । प्रारम्भमा उनले कमैया प्रथाको चिनारी तथा यसबाट आदिवासी थारूका जीवनमा परेका प्रभावहरू प्रस्तुत गरेका छन् । यही क्रममा मानवअधिकार र विकासका अवधारणालाई केलाउँदै फुजिकुराले बँधुवा मजदुर (कमैया) प्रथाको विश्लेषण गरेका छन् । क्याथरिन न्यान्किनका तर्कलाई पछयाउँदै फुजिकुरा भन्छन्, "मानव अधिकारको अवधारणाको संरचनाले कमैया मुक्तिको सोचलाई पर्याप्त रूपमा सम्बोधन गर्न सक्दैन किनकि मानवअधिकारका अभियन्ता तथा विकासका नीति निर्माताहरू कमैया समस्याको अन्त्यका लागि राजनीतिक समाधानको साटो स्वतन्त्र ज्यालादारी श्रमिकको प्रबन्ध सुझाउँछन् ।"

पुस्तकमा फुजिकुराले कमैया मुक्ति आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने बेस (व्याकवार्ड सोसाइटी एजुकेशन) नामको स्थानीय गैरसरकारी संस्थाको विस्तृत चर्चा गरेका छन् । जसको स्थापना एक स्थानीय थारूबाट भएको थियो । थारूहरूको परम्परागत ख्याला प्रथाबाट स्थापना भएको बेस "पछि परेका मानिसहरू" लाई सशक्तीकरण गर्ने उद्देश्यमा केन्द्रित रहेको थियो । यसका गतिविधिका आधारमा थारू र गैरथारूहरूबीच यो संस्थाको तीव्र गतिमा भएको विस्तारसम्बन्धी विवरण पुस्तकमा प्रस्तुत गरेका छन् । यसै गरी, बेसले नेतृत्व गरेको तथा मार्टिन चौतारीले सक्रिय रूपमा सहयोग गरेको कमैया मुक्ति आन्दोलनको चर्चा पनि लेखकले गरेका छन् । यस सन्दर्भमा फुजिकुराले राष्ट्र निर्माण गर्ने अभिप्रायबाट निर्देशित माओवादी आन्दोलनका विपरीत विभिन्न परम्परागत संस्था र संस्कार तथा आधुनिक अभ्यासहरूको उपयोग गर्दै आफ्नै समाज बनाउने उद्देश्यको आन्दोलनका लागि मानिसहरूलाई संगठित बनाउन बेसले खेलेको भूमिकाको विस्तृत चर्चा गरेका छन् ।

दुई कारणले फुजिकुराको पुस्तक नेपालको मानवशास्त्रका लागि एउटा गतिलो योगदान बनेको छ । पहिलो, पुस्तकमा फुजिकुराले सामान्य मानिसका दैनिक जीवनका अनुभव र उनीहरूका दृष्टिकोणलाई नै आधार बनाएर विकास र आधुनिकताको सटिक विश्लेषण गरेका छन् । सूक्ष्म वर्णन (माइक्रो न्यारेटिभ्स) हरूलाई महत्त्व दिने भनिए तापनि विकासका समकालीन आलोचनाहरूले प्रायः एकपक्षीय र विश्वव्यापी दृष्टिकोणलाई नै अध्ययनको केन्द्रमा राख्छन् जसमा मानिसहरू वा समुदायलाई ठूला विकास कार्यक्रमबाट प्रभावित वर्गका रूपमा मात्र प्रस्तुत गरिएको हुन्छ । फुजिकुराले यस पुस्तकमार्फत यो सोचलाई उल्टाउने प्रयत्न गरेका छन् । विकास अभियानमा प्रयुक्त दृष्टिकोण तथा पद्दतिलाई उपयोग गर्दै मानिसहरूले कसरी विकास, सशक्तीकरण, सहभागिता र अधिकारका वर्णनहरूलाई आफ्ना आवश्यकताका आधारमा सक्रियतापूर्वक हेरफेर गर्न सक्छन् भन्ने कुरा कमैया मुक्ति आन्दोलनलाई उदाहरण बनाएर उनले सशक्त रूपमा देखाएका छन् । दोस्रो, फुजिकुराले

पुस्तकमा माओवादी आन्दोलन र कमैया मुक्ति आन्दोलनको व्याख्याका लागि मानवशास्त्रीय अध्ययनका माध्यमले रोचक तथा महत्त्वपूर्ण दृष्टिकोणहरू प्रस्तुत गरेका छन् ।

पुस्तक पढ्दै जाँदा लेखक फुजिकुराले मानवशास्त्रीको स्थान र भूमिकाका विषयमा पर्याप्त चर्चा नगरेको अनुभव हुन्छ । फुजिकुराले आफूले अध्ययन गरेको समुदायका चासो र अपेक्षाप्रति सद्भाव राखेको प्रस्ट देखिन्छ । अध्ययनकर्ताको भूमिकामा कमैया मुक्ति आन्दोलनप्रति लेखकको समर्थन र सक्रिय सहयोगका बारेमा लेखकका अनुभवहरू पुस्तकमा प्रस्तुत भएको भए मानवशास्त्रीको भूमिकाका विषयमा रोचक दृष्टिकोणहरू आउन सक्थे जसले पुस्तकमा थप स्वाद थप्न सक्थ्यो ।

विकास, चेतना र सामाजिक आन्दोलनका विभिन्न पक्षलाई केलाउने क्रममा लेखकले प्रस्तुत गरेका स्थानीय मानिसका अभिव्यक्तिहरूलाई थप गहिराइमा हेर्नुपर्ने देखिन्छ । मानिसहरूसँग आफ्नो क्रियाशिलतालाई व्याख्या गर्न तयारी र एकसमान अभिव्यक्ति वा जवाफहरू हुने गर्छन् जसले उनीहरूको वास्तविक जीवनका यथार्थलाई सधैँ प्रतिविम्बित गर्दैनन् । उदाहरणका लागि कमरेड जमुना, पार्वती अधिकारी, यज्ञराज चौधरी, दरबहादुर र इन्द्रबहादुरका अभिव्यक्तिहरू, उनीहरूका दैनिक जीवनका जटिल यथार्थका सन्दर्भमा पनि परीक्षण गरिनु आवश्यक हुन्छ । मानिसहरूसँग विभिन्न सन्दर्भका लागि एउटै विषयमा पनि विभिन्न टिप्पणीहरू हुने गर्छन् ।

सारांशमा, फुजिकुराले यस पुस्तकमार्फत विकास, सामाजिक आन्दोलन र स्वतन्त्रताको अभ्यासका सन्दर्भमा चेतनाको गहन विश्लेषण गरेका छन् । राज्य र समाजको समसामयिक अवस्थाप्रति इच्छुक सबैका लागि पढ्नैपर्ने पुस्तक हो यो ।

**सञ्जीव पोखरेल**
त्रिभुवन विश्वविद्यालय